सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री नहकुल सुवेदी

फैसला

मुद्दाः कर्तव्य ज्यान, डाँका चोरी तथा ज्यान मार्ने उद्योग ।

०७८-RC-००५२

नेपाल सरकार------------------------------------------------------------१ पुनरावेदक वादी

विरूद्ध

लक्ष्मण थारू (चौधरी) ----------------------------------------------------१ विपक्षी प्रतिवादी

०७७-CR-१०७५

रेशमलाल चौधरी ------------------------------------------------------१ पुनरावेदक प्रतिवादी

विरूद्ध

नेपाल सरकार ------------------------------------------------------------१ विपक्षी वादी

०७७-CR-१३०९

सितराम चौधरी ------------------------------------------------------१ पुनरावेदक प्रतिवादी

विरूद्ध

नेपाल सरकार --------------------------------------------------------------------१ विपक्षी वादी

०७७-CR-१३१०

हरिनारायण चौधरीसमेत-------------------------------------------------------१ पुनरावेदक प्रतिवादी

विरूद्ध

नेपाल सरकार --------------------------------------------------------------------१ विपक्षी वादी

०७७-CR-१३११

श्रवण चौधरी------------------------------------------------------------------१ पुनरावेदक प्रतिवादी

विरूद्ध

नेपाल सरकार --------------------------------------------------------------------१ विपक्षी वादी

०७७-CR-१३५८

रामकुमार कठरिया-------------------------------------------------------------१ पुनरावेदक प्रतिवादी

विरूद्ध

नेपाल सरकार --------------------------------------------------------------------१ विपक्षी वादी

०७७-CR-१३५९

राजकुमार कठरियासमेत------------------------------------------------------१ पुनरावेदक प्रतिवादी

विरूद्ध

नेपाल सरकार --------------------------------------------------------------------१ विपक्षी वादी

०७७-CR-१३८९

प्रदिप चौधरी-------------------------------------------------------------१ पुनरावेदक प्रतिवादी

विरूद्ध

नेपाल सरकार -------------------------------------------------------------१ विपक्षी वादी

पुनरावेदक प्रतिवादीहरू र साधकको रोहमा पेश हुन आएको प्रस्तूत मुद्दामा प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री गोपालकृष्ण घिमिरे र श्री मेघराज पोखरेल तथा विद्वान अधिवक्ताहरू श्री महेश्वर चौधरी, श्री देवेन्द्रराज शर्मा, श्री गोपालदत्त पाण्डे, श्री टिकाबहादुर कुँवर, श्री दिपेन्द्र झा, श्री मनिसकुमार श्रेष्ठ, श्री विकास भट्टराई, श्री शंकर लिम्बु, श्री सरोज बुढाथोकी, श्री शुसिला चौधरी, श्री मुकुन्द अधिकारी, श्री भद्रप्रसाद नेपाल, श्री लोकमणी पोखरेल, श्री कृष्णप्रसाद पोखरेल, श्री भुपाल बस्नेत, श्री गिता चौधरी, श्री विष्णुकुमारी चौधरी, श्री धनजीत बस्नेत, श्री विशालकुमार उपाध्याय, श्री राधिका चम्लागाई, श्री किर्तिनाथ शर्मा र श्री गम्भीर सिंह ऐरले गर्नुभएको बहस सुनियो। त्यसैगरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताद्वय श्री सुर्यराज दाहाल र श्री सन्देश श्रेष्ठ तथा विद्वान उपन्यायाधिवक्ता श्री विष्णुप्रसाद पौडेल एंव पीडित केशव बोहोराको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री हरिप्रसाद पंगेनी, श्री रामचन्द्र पौडेल र श्री लोकेन्द्र सिंह धामीले गर्नुभएको बहससमेत सुनियो।

यसमा, पुनरावेदक प्रतिवादीमध्येका "विद्रोह" भन्ने सिताराम चौधरी र गंगाराम चौधरीको हकमा हेर्दा शुरू अदालतबाट साबिक मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद तथा ज्यान मार्ने उद्योग तर्फ ऐ. १५ नं बमोजिम ५ (पाँच) वर्ष कैद सजाय गरेको मिति २०७५।११।२२ को फैसला सदर गरेको उच्च अदालत दिपायलको मिति २०७७।०९।०२ को फैसला मिलेको नदेखिदा उल्टी भइ निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ।

त्यसैगरी साधकको रोहमा हेरिएका प्रतिवादी लक्ष्मण थारू (चौधरी)को हकमा निजलाई साबिक मुलुकी ऐन ज्यान सम्बन्धीको महलको १३ (४) नं. बमोजिम जन्मकैद तथा ज्यान मार्ने

उद्योग तर्फ ऐ. १५ नं बमोजिम ५ (पाँच) वर्षको कैद सजाय गरेको उच्च अदालत दिपायलको मिति २०७७।०९।०२ को फैसला मिलेको नदेखिदा केहि उल्टी भै मुलुकी ऐन, ज्यान सम्बन्धीको महलको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ठहर गरेको शुरू कैलाली जिल्ला अदालतको मिति २०७५।११।२२ को फैसला सदर हुने ठहर्छ। अन्य प्रतिवादीहरुको हकमा अभियोग दावीबाट सफाइ पाउँ भन्ने निजहरुको पुनरावेदन जिकिर पुग्न सक्दैन।

प्रतिवादीहरु "विद्रोह" भन्ने सिताराम चौधरी र गंगाराम चौधरीले आरोपित कसूरबाट सफाई पाउने ठहरेकाले अन्य मुद्दा वा कारणबाट निजहरुलाई थुनामा राख्न नपर्ने भए प्रस्तूत मुद्दाको रोहबाट थुनामुक्त गरिदिनु भनी सम्बन्धित कारागार शाखा र शुरु कैलाली जिल्ला अदालतमा लेखी पठाउनु।

फैसलाको पूर्णपाठ तयार गर्न समय लाग्ने भएकोले यो संक्षिप्त आदेश गरिदिएको छ।

**न्यायाधीश** **न्यायाधीश**

इति सम्बत् २०८० साल जेठ ०२ गते रोज ३ शुभम्---------------------------।